(घ) आफूसंग सम्बन्धित संस्थाको कागजपत्र तथा श्रेस्ता सही रूपमा सुरक्षित राख्ने ।

(ङ) संस्थाको कार्यालय प्रशासन स्वच्छ, सुव्यवस्थित र प्रभावकारी बनाउनका निमित्त आवश्यक काम कारवाही गरी तथा गर्न लगाई प्रशासन सम्बन्धी सम्पूर्ण कार्यालय सञ्चालन गर्ने ।

(च) संस्थाको उद्देश्य बमोजिमका प्रस्तावहरू छलफलमा ल्याउने र निर्णय गराउने ।

(छ) संस्थाले पारित गरेको वार्षिक प्रगति प्रतिवेदन र कार्यक्रम वार्षिक साधारणसभामा पेश गर्ने ।

(ज) संस्था र संघ-संस्थासंग सम्बन्धित सबै किसिमका सम्झौता एवं लेखापढी तथा चिठ्ठिपत्रहरू आदान प्रदान गर्ने ।

(झ) संस्थाको बैठकमा बेलाबेलामा भएका निर्णयहरूको कार्यान्वयन गर्ने गराउने र त्यसको सम्पूर्ण जिम्मेवारी तथा जवाफदेहीताको वहन गर्ने ।

(ञ) ५१% (एकाउन्न) कार्यसमितिका सदस्यहरूबाट कार्यसमितिको बैठक बोलाउन माग गरेमा ७ (सात) दिनभित्र कार्यसमितिको बैठक बोलाउने ।

(ट) साधारणसभाले तथा कार्यसमितिले तोकेको कार्य गर्ने, गराउने ।

**(घ) कोषाध्यक्ष :-**

(क) संस्थाको आय व्ययको लेखा राख्ने ।

(ख) समितिको निर्णय बमोजिम आर्थिक कारोवार गर्ने ।

(ग) कोषको अभिवृद्धि गर्ने वारे बैठकमा प्रस्ताव राख्ने ।

(घ) संस्थाको आयव्ययको हिसाब-किताब नियन्त्रण तथा निरिक्षण गर्ने ।

(ङ) वार्षिक बजेट बनाई सभामा पेश गर्ने ।

(च) संस्थाको सम्पत्तिको संरक्षण र सुरक्षा गरी जिम्मा लिने ।

(छ) साधारणसभाले तथा कार्यसमितिले तोकेको कार्य गर्ने, गराउने ।

**(ङ) सदस्य :-**

(क) संस्थाको उद्देश्यहरू कार्यान्वयन सम्बन्धमा आवश्यक सहयोग पुऱ्याई काम गर्ने ।

(ख) कार्यसमितिका सम्पूर्ण पदाधिकारीहरूलाई विभिन्न कार्यहरूमा सहयोग पुऱ्याउने ।

(ग) साधारणसभा तथा कार्यसमितिले तोकेको कार्यहरू गर्ने, गराउने ।

१. **साधारणको काम कर्तव्य अधिकार** :- प्रचलित कानून तथा यस विधानमा लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त साधारण सभाको निम्न लिखित काम, कर्तव्य र अधिकार हुनेछन् :-

(क) कार्यसमितिको वार्षिक प्रतिवेदनमा छलफल गरी निर्णय गर्ने ।

(ख) कार्यसमितिका पदाधिकारीहरूको निर्वाचन गर्ने ।

(ग) लेखा परीक्षक नियुक्त गर्ने ।

(घ) लेखा परीक्षकको वार्षिक प्रतिवेदनमा छलफल गरी निर्णय गर्ने ।

(ङ) कार्यसमितिलाई आवश्यक निर्देशन दिने ।

(च) संस्थाको उद्देश्य प्राप्तिका लागि वार्षिक नीति तथा कार्यक्रम तय गर्ने ।

(छ) संस्थाको कार्य सञ्चालनका निम्ती वजेट पारित गर्ने ।

(ज) संस्थाको सर्वोच्च अङ्गको रुपमा रही उद्देश्य प्राप्त गर्न आवश्यक कार्य सम्पादन गर्ने गराउने ।